प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०८३/०८४ मा डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरुमा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटामा Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०८३।०१।२९ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका शैक्षिक कार्यक्रमहरुमा सरकारी, सामुदायिक विद्यालयबाट एस.एल.सी/एस.इ.ई र परिषद्का आंगिक शिक्षालयहरुबाट प्रि-डिप्लोमा तह उत्तीर्ण गरेका विद्यार्थीहरुबाट परीक्षा सम्वन्धी विनियमावली, २०८३ बमोजिम परिषद्बाट सम्बन्धन/स्वीकृती प्राप्त आंगिक, साझेदारी तथा निजी स्तरमा संचालित शिक्षालयहरुमा निर्धारण गरिएका वर्गीकृत (नि:शुल्क) छात्रवृत्ती कोटामा भर्नाका लागि देहायका कार्यक्रमहरुमा तपसिल बमोजिम प्रवेश योग्यता पुगेका नेपाली नागरिकहरुबाट २०८३।०२।१३ गते भित्र परीक्षा नियन्त्रण कार्यालयको ITMS Online मा रितपुर्वक Online आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। न्यूनतम योग्यता पुगेका आवेदकहरुले Online माध्यमबाट आवेदन फाराम शुल्क बुझाई अध्ययन गर्ने कार्यक्रम, प्रदेश, शिक्षालय प्राथमिकिकरण गरी आफू पर्ने बर्गको कोटा समेत छनौट गरी Online Application Form Submit गर्नुपर्नेछ।

बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटामा नेपाली नागरिकले कुनै एक प्रदेशको कार्यक्रमका लागि Online Application Form भर्न सक्नेछन र प्रतिस्पर्धा समेत सोही प्रदेश स्तरमा मात्र हुनेछ तथा योग्यताक्रम सूची प्रकाशन एवं भर्ना सिफारिश समेत सोही बमोजिम हुनेछ। **शैक्षिक शत्र २०८३/०८४ का लागि डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फको कुनै एक कार्यक्रममा मात्र Online आवेदन फाराम भर्न पाइनेछ।**

**तपसिल**

**१. बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति सम्बन्धी जानकारी:**

परिषद्का आंगिक, साझेदारी तथा निजी स्तरमा संचालित शिक्षालयहरुमा डिप्लोमा तथा प्रमाणपत्र तहमा स्वीकृत कोटाको आधारमा भर्नाका लागि प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई देहाय बमोजिमको कोटा संख्यामा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति प्रदान गरिनेछ।

**तपसिल**

| छात्रवृत्तिको विवरण | २० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४८ स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा |
|---|---|---|---|---|
| वर्गीकृत (नि:शुल्क) | १ | २ | ३ | ४ |

प्रदेश अन्तर्गतका शिक्षालयहरुको विवरण अनुसार कायम हुन आउने कार्यक्रमहरुमा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाहरु निम्न बमोजिम रहेका छन।

| क्र.सं | कार्यक्रम | प्रदेश | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प | |
| 1 | Agriculture (Animal Science) | २७ | ३९ | ३३ | २७ | ३० | १८ | १२ | **१८६** |
| 2 | Agriculture (Plant Science) | ४८ | ४५ | ४८ | १८ | ४५ | ३० | २७ | **२६१** |
| 3 | Architecture Engineering | १४ | ४ | ८ | | ४ | | | **३०** |
| 4 | Agricultural Engineering | | | | | | | ४ | **४** |
| 5 | Civil Engineering | १४४ | १०८ | १०० | ६० | १०८ | ६० | ६० | **६४०** |
| 6 | Automobile Engineering | | | १४ | ४ | २० | | | **३८** |
| 7 | Civil Engineering (Specialized in Hydropower) | ४ | | ८ | | ८ | | | **२०** |
| 8 | Computer Engineering | ४० | ६४ | २० | ११ | २४ | २४ | ४ | **१८७** |
| 9 | Electrical & Electronics Engineering | ६ | ८ | ८ | | ८ | | | **३०** |
| 10 | Electrical Engineering | २० | ३६ | २८ | ४ | १६ | | ८ | **११२** |
| 11 | Electronics Engineering | २ | | | | | | | **२** |
| 12 | Food & Dairy Technology | ३ | ३ | | ३ | ३ | | | **१२** |
| 13 | Forestry | ३ | ६ | ३ | ९ | १८ | १५ | ६ | **६०** |
| 14 | Accupuncture | | | ३ | | | | | **३** |
| 15 | Diagnostic Radiography | १६ | १४ | ४४ | ८ | १६ | | २ | **१००** |
| 16 | General Ayurved Medicine | ३ | ९ | १२ | | ९ | ६ | ३ | **४२** |
| 17 | General Medicine | ७५ | १०२ | १२२ | ३६ | ६६ | १८ | २७ | **४४६** |
| 18 | Geomatics Engineering | २० | २८ | ३२ | | ३६ | १६ | ८ | **१४०** |
| 19 | Information Technology | १६ | १२ | १६ | १२ | २४ | | | **८०** |
| 20 | Mechanical Engineering | ४ | ८ | १२ | | १० | | २ | **३६** |
| 21 | Mechatronics Engineering | | | २ | | | | | **२** |
| 22 | Biomedical Engineering | | | ४ | | ४ | | | **८** |
| 23 | Ref & AC Engineering | | | | | ९ | | | **९** |
| 24 | Hotel Management | ६ | ३ | १८ | ९ | ६ | | ३ | **४५** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 25 | Medical Laboratory Technology | ५० | ३२ | ७८ | १८ | ५० | ८ | १४ | **२५०** |
| 26 | Nursing | ३३ | ५७ | ६३ | १२ | १५ | ३ | ६ | **१८९** |
| 27 | Midwifery | | २ | २ | | | | | **४** |
| 28 | Ophthalmic Science | ६ | ९ | | | ९ | | ३ | **२७** |
| 29 | Pharmacy | ५४ | ६९ | १०४ | २४ | ४८ | १२ | ३० | **३४१** |
| 30 | Dental Science (Dental Hygine) | | ३ | २४ | ३ | | | | **३०** |
| 31 | Yog & Neturopathy | | ३ | | | | | | **३** |
| 32 | Physiotherapy | १५ | ६ | २६ | ३ | १८ | | ३ | **७१** |
| 33 | Beauty & Cosmetology | | | ३ | ३ | | | | **६** |
| 34 | Fashion Designing | | | ३ | | | | | **३** |
| | **Total** | ६०९ | ६७० | ८३८ | २६४ | ६०४ | २१० | २२२ | ३४१७ |

**नोट : कुनै शिक्षण संस्थामा पुर्ण शुल्कीय कार्यक्रम सञ्चालन हुन नसकेमा माथि उल्लेखित कोटा संख्या घट्न जाने र थप शिक्षण संस्थाका कार्यक्रम स्वीकृत भई आएमा माथि उल्लेखित कोटा बढ्न सक्नेछ । शिक्षण संस्थामा कार्यक्रम सञ्चालन हुने सुनिश्चित भएपछि मात्र सम्वन्धित परिषद्, प्रदेश कार्यालयले वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाको प्रशिक्षार्थी भर्नाका लागि सिफारिश गर्नेछ ।**

परिषद् अन्तर्गत प्रत्येक शिक्षालयहरुमा शैक्षिक शत्र २०८३/०८४ को लागि कार्यक्रम संचालन गर्न सम्वन्धन स्वीकृत पाएका प्रत्येक शैक्षिक कार्यक्रममा न्यूनतम योग्यता पुगेका नेपाली नागरिकलाई निर्धारित कुल संख्यालाई १०० प्रतिशत कायम गरी उक्त संख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी निःशुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

**(क) साधारण समूह** : साधारण समूहको लागि कायम गरिएको सिट संख्यालाई सत प्रतिशत कायम गरी योग्यता पुगेका नेपाली नागरिकहरुलाई निःशुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरीनेछ । प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको हकमा यस समूहमा हुन आउने कोटाको १५% पुरुष नर्सिङ्ग कोटा छुट्याइने छ ।

**(ख) लक्षित वर्ग समूह** : तोकिए बमोजिमको योग्यता पुगेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरुलाई उल्लेख भए बमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरी निम्न बमोजिमको आरक्षित गरिएको प्रतिशतमा प्रदेश भित्रका कार्यक्रम अनुसारको सिट संख्यामा निःशुल्क (बर्गीकृत) छात्रवृत्ति प्रदान गरिनेछ ।

**आरक्षित गरिएको लक्षित बर्ग र आरक्षित प्रतिशत :**

| क.सं | लक्षित वर्ग | | आरक्षित प्रतिशत |
|---|---|---|---|
| १. | **महिला** | **२८** | **३३** |
| | क. दलित समुदायका महिला | ३ | |
| | ख. मुस्लिम समुदायका महिला | २ | |
| २. | दलित | | ९ |
| ३. | आदिवासी जनजाति | | १५ |
| ४. | खस आर्य | | १७ |
| ५. | **मधेशी** | ९ | १२ |
| | क. मधेशी दलित | ३ | |
| ६. | थारु | | ४ |
| ७. | मुस्लिम | | २ |
| ८. | पिछडिएको क्षेत्रका व्यक्ति | | ४ |
| ९. | अपाङ्गता भएको व्यक्ति | | २ |
| १०. | सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरुको परिवार, द्वन्द्व पीडित, जेन जी आन्दोलन पिडीत परिवार | | २ |

(अ) यदि तोकिएको कुनै कार्यक्रमको अध्यापन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन । यदि कुनै शिक्षण संस्थाको कार्यक्रममा न्यून संख्यामा पुर्ण शुल्कीयमा आवेदन परी कार्यक्रम संचालन नहुने भएमा शिक्षण संस्थाले सो को जानकारी सम्वन्धित परिषद्, प्रदेश कार्यालयलाई अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(आ) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात नेपाल सरकारले चाहेमा तोकिएको समय सम्म खटाएको स्थानमा गई सेवा गर्नु पर्नेछ । सो का लागि अनलाईन आवेदन फाराममा उल्लेखित कवुलियतनामा गर्नु पर्नेछ ।

(इ) एक पटक परिषद् अन्तर्गतका शिक्षालयहरुबाट छात्रवृत्ति पाएको प्रशिक्षार्थीलाई पूनः छात्रवृत्ति प्रदान गरिने छैन ।

(ई) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरु पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा प.नि.का. ले रजिष्ट्रेशन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कार्वाहीका लागि सिफारीस गर्नेछ । त्यस्ता परीक्षार्थीलाई परिषद्बाट संचालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्षसम्म समावेश गराइने छैन ।

(उ) छात्रवृत्तिमा सिफारिस भई भर्ना भएका परीक्षार्थीहरु संग शिक्षालयले प्रशिक्षण, प्रयोगात्मक, रजिष्ट्रेशन, नियमित परीक्षा आवेदन, पुस्तकालय, प्रयोगात्मक स्थलसम्मको यातायात शुल्क लगायतका कुनै पनि शुल्क लिन पाइने छैन ।

## २. प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता

**(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका परीक्षाको हकमाः**

| क्र.सं | शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | प्रमाणपत्र तह नर्सिङ्ग/मिडवाइफरी | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी.उत्तीर्ण भई प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | प्रमाणपत्र तह नर्सिङ्ग/मिडवाइफरी बाहेकका अन्य सम्पूर्ण कार्यक्रमहरू | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा प्राविधिक एस.एल.सी./प्रि डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**(ख) अक्षराङ्कन पद्धति लागू भए पछिको परीक्षाको हकमा:**

| क्र.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य कार्यक्रमहरू | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई.परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अंक ४.० मा न्यूनतम २.० जी.पी.ए.अथवा सो सरह वा परिषद्बाट प्राविधिक एस.एल.सी./ प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| २. | डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य बाहेकका अन्य सम्पूर्ण कार्यक्रमहरू | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरीकृत अंक ४.० मा न्यूनतम १.६ जी.पी.ए.अथवा सो सरह वा परिषद्बाट प्राविधिक एस.एल.सी./ प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

**(ग) प्रवेश योग्यता पुगेका आवेदकले जुनसुकै संकायको कार्यक्रममा प्रवेश प्रक्रियामा सहभागी हुन पाउनेछन ।**

**३. आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु:**

बर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि परीक्षार्थी स्वयंले यस सूचनामा तोकिएको समयसीमा भित्र Online Application Form भर्नुपर्नेछ । अनलाईन आवेदन फारामका साथ तोकिएको सेवा प्रदायकहरु Connect IPS वा Khalti wallet मार्फत शुल्क Online माध्यमबाट बुझाउनुपर्नेछ ।

(क) नेपाली नागरिकता वा जन्म दर्ताको सक्कलबाट Scan गरिएको प्रति ।

(ख) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाणपत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(ग) सरकारी वा सामुदायिक विद्यालयको हकमा सम्बन्धित पालिकाले विद्यालयको किसिम प्रमाणित गरेको पत्र, परिषद्का आङ्गिक शिक्षालयको हकमा सम्बन्धित शिक्षालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(घ) दलितको हकमा सूचीकृत नभएका फरक थरका दलितको हकमा सम्बन्धित पालिकाको पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(ङ) मधेशी/मुस्लिमको हकमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(च) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको जातिहरूले सम्बन्धित पालिकाको पत्र र सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित पालिकाको कार्यालयबाट जनजाति प्रमाणित गरिएको आदिवासी जनजाति पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(छ) खस आर्यको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(ज) थारुको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(झ) पिछडिएको दुर्गम क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट सामुदायिक बिद्यालयबाट अध्ययन गरी न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको र स्थायी बसोबास गरेको सम्बन्धित पालिका कार्यालयले जारी गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(ञ) बेपत्ता पारिएका व्यक्ति, शहीद परिवार, घाइते र निजको परिवार जनआन्दोलन, जनयुद्ध, मधेश, जेन जी आन्दोलन लगायत मुलुक भित्र भएका सबै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा शहीद परिवार/जन-आन्दोलनका घाइते परिवार/द्वन्द्व पीडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्र र नाता प्रमाणीत पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(ट) अपाङ्गको हकमा नेपाल सरकारको सम्बन्धित कार्यालयले जारी गरेको अपाङ्ग परिचय पत्रको सक्कलबाट Scan गरिएको प्रति ।

(ठ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को १ प्रति फोटो । पछि उक्त फोटो सच्याउन पाइने छैन ।

(ड) Online आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु अनिवार्य समावेश गर्नुपर्नेछ । आवश्यक शैक्षिक प्रमाणपत्रहरु, सम्वन्धित बर्ग खुलेको कागजातहरु समावेश नगर्ने र नक्कली कागजात पेश गर्ने परीक्षार्थीहरुको आवेदन फाराम स्वतः रद्द हुनेछ ।

(ढ) बर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि साधारण समूह र लक्षित वर्ग समूहको लागि एउटै Online Application Form हुनेछ । सो फाराममा आफु कुन वर्गमा पर्ने हो सोही बर्गमा छनौट गर्नुपर्नेछ । लक्षित वर्ग समूहमा आवेदन फाराम भर्न योग्य आवेदक साधारण समूहमा स्वतः आवेदक हुनेछ । बर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा आवेदन भर्ने आवेदकहरुले आवेदन फाराम बुझाएको प्रदेश स्तरमा मात्र प्रतिष्पर्धा हुनेछ ।

**४.आवेदन फाराम भर्ने सम्बन्धी व्यवस्था :**

| | | |
|---|---|---|
| **क. आवेदन फाराम शुल्क** | : | **रु.१,०००।- (रु. एक हजार मात्र)** |
| **ख. अनलाइन आवेदन फाराम खुल्ने मिति** | : | **२०८३।०१।२९ गते देखि** |
| **ग. अनलाइन आवेदन फाराम बन्द हुने मिति** | : | **२०८३।०२।१३ गते बुधवार राती ११:५९ बजे भित्र** |

**५. अनलाइन आवेदन फाराम Submit गर्ने सम्बन्धी जानकारी:**

(क) बर्गीकृत (निशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयं वा शिक्षालयमा उपस्थित भई परिषद् प.नि.का.बाट तोकिएको समयसिमा भित्र Online Application Form Entry गर्नुपर्नेछ । यसरी Online Application Form भर्दा आफुले अध्ययन गर्न चाहेको कार्यक्रम, प्रदेश र बर्ग स्पष्टसंग उल्लेख गरी अध्ययन गर्न चाहेको शिक्षालय प्राथमिकिकरण गर्नु पर्नेछ ।

(ख) आवेदन फारामको साथमा हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो र तोकिए अनुसारका कागजात अनिवार्य अपलोड गर्नु पर्नेछ । बर्गीकृत (निःशुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी प्रक्रिया वर्गीकृत (निःशुल्क) छात्रवृत्ति (Classified Scholarship) वेवसाइट www.ctevtexam.org.np मा हेर्नु हुन अनुरोध छ ।

(ग) तोकिए अनुसारका शुल्क, फोटो र कागजात समावेश नभएका अनलाइन आवेदन फारामहरु स्वतः रद्द हुनेछन् ।

(घ) वर्गीकृत (निशुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम आवेदक स्वयंले Online मा प्रकृया पुरा गरी प.नि.का.बाट स्वीकृत भएपछि तुरुन्त Online Application Acceptance Card प्रिन्ट गर्न सकिन्छ । सो प्रिन्ट गरिएको Acceptance Card शिक्षालयमा भर्ना र रजिष्ट्रेसन प्रयोजनका लागि अनिवार्य हुनाले सुरक्षित राख्नुपर्नेछ ।

**६. Online आवेदन फाराम रुजु सम्वन्धमा:**

(क) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरुमा अनलाईन आवेदकहरूको न्यूनतम शैक्षिक योग्यता तथा अन्य कागजातहरु परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा अनलाइन रुजु गर्ने जिम्मेवारी सम्बन्धित परिषद्, प्रदेश कार्यालयको हुनेछ । अनलाइन फाराम भर्न शुरु भएको मिति देखि नै सम्बन्धित प्रदेश कार्यालयले आवेदकहरुको फाराम अनिवार्य रुपमा रुजु गर्नुपर्नेछ । रुजु गर्दा केही समस्या भएमा प.नि.का.को ITMS शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ ।

(ख) अनलाइन इन्ट्री गरेका आवेदकहरुको परिषद्, प्रदेश कार्यालयबाट रुजु गर्दा निर्देशिकाले तोके बमोजिमको योग्यता र कागजातहरु हेरी Accept गर्नुपर्नेछ । आवेदकलाई तोके बमोजिमको विवरण र कागजात अपुग भएमा पूनः अपलोड गर्न सूचना र समय दिनुपर्नेछ । रुजु गर्दा केही समस्या भएमा प.नि.का.को ITMS शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ । रुजु गरी Accept भए पश्चात Application Acceptance Card Number कायम गरिनेछ र नम्बर कायम भएका आवेदकहरुलाई मात्र योग्यताक्रमको सूचीमा समावेश गरिनेछ ।

(ग) परिषद्, प्रदेश कार्यालयले उपरोक्त बिधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकिकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाको लागि सिफारिस गरी परिषद्, प्रदेश कार्यालय, परीक्षा नियन्त्रण कार्यालय र परिषद्को वेवसाइटमा प्रकाशन गरिनेछ ।

(घ) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाहरुमा परिषद्, प्रदेश कार्यालयबाट भर्ना सिफारिश भएका उम्मेद्वारहरुलाई मात्र शिक्षालयले भर्ना गर्नुपर्नेछ । अनियमित तरीकाले सिफारिश तथा भर्ना गरेको पाइएमा नियमानुसार कार्यवाही हुनेछ । साथै त्यस्ता विद्यार्थीहरुको रजिष्ट्रेशन कायम गरिने छैन ।

**७. छनौट प्रकृया सम्बन्धी व्यवस्था:**

एस.ई.ई परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा हुन आउने अंक र सरकारी वा सामुदायिक विद्यालय परिषद्का आंगिक शिक्षालयहरुबाट एस.ई.ई वा एस. एल.सी. वा प्रि-डिप्लोमा तह उत्तीर्णलाई थप अंकभार वापत १ अंक जोडि उच्च अंक प्राप्त गर्ने उम्मेद्वारको योग्यताक्रम सूची निर्धारण गर्नुपर्नेछ । अक्षराङ्कन पद्दति लागु हुनु भन्दा अगाडिको एस.एल.सी. परीक्षाको प्राप्तांकलाई औसत ग्रेड प्वाइन्टमा रूपान्तरण गरी आवेदकको योग्यताक्रम सूची निर्धारण गर्नुपर्नेछ ।

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरिकृत अंक | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथी | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

(१) एस.एल.सी. / एस.ई.ई.को नतिजा पनि बराबर भएमा एस.एल.सी. / एस.ई.ई.परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको Final Grade को आधारमा योग्यताक्रम प्रकाशित गरिनेछ ।

(२) यसो गर्दा अंक बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण भएका उम्मेद्वारलाई प्राथमिकता दिइने छ । सो गर्दा पनि बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ ।

(३) अनलाइन आवेदन फारम भर्दा एस.ई.ई. मा अक्षराङ्कन पद्धति लागू भएपछिको हकमा गणित, विज्ञान र अंग्रेजीको Grade Point Entry गर्नु पर्छ भने अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा एस.एल.सीका सवै विषयको प्राप्तांक Entry गर्नु पर्नेछ ।

(४) अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा GPA गणना गर्न निम्न बमोजिमको सूत्र प्रयोग गरिनेछ

$$GPA = \frac{\sum(Grade\ Point\ \times Credit\ Hour)}{Total\ credit\ hour\ of\ the\ Grade}$$

(५) डिप्लोमा तथा प्रमाणपत्र तहको बर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरुमा प्रशिक्षार्थी भर्नाका लागि सिफारिस गर्न परिषद्, प्रदेश कार्यालयमा देहाय बमोजिमको कार्यटोली रहनेछ ।

(क) परिषद्, प्रदेश कार्यालय निर्देशक - संयोजक
(ख) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम शाखा (शिक्षा हेर्ने प्रदेश मन्त्रालय) - सदस्य
(ग) परिषद्, प्रदेश कार्यालयको उप-निर्देशक - सदस्य
(घ) परिषद्, प्रदेश कार्यालयको सूचना प्रविधि अधिकृत - सदस्य
(ङ) निर्देशकले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

(६) प्रवेश प्रक्रिया, भर्ना सम्वन्धी कार्यटोलीको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) प्रवेश प्रक्रिया वा छनौट प्रक्रियालाई नियमित, व्यवस्थित, पारदर्शी तथा मर्यादित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) प्रवेश प्रक्रियामा सहभागी परीक्षार्थीहरूको योग्यता, प्रवेश योग्यता, प्रमाणपत्र तथा आवश्यक कागजातको जाँच तथा प्रमाणीकरण गर्ने,

(ग) कुनै कागजात नपुग वा अस्पष्ट भएको खण्डमा आवेदकलाई तत्काल कैफियत सहित कागजात पुन अपलोड गर्न समय दिनुपर्ने छ,

(घ) कुनै आवेदकको फाराम अस्वीकृत गरेमा सो को कारण अनिवार्य खुलाउनु पर्नेछ,

(ङ) रुजु गर्ने कार्य सम्पन्न भए पछि निर्णय पुस्तिका, जम्मा आवेदन संख्या, स्वीकृत आवेदन संख्या (Revert सहित) र अस्वीकृत संख्या (Revert सहित) को प्रतिवेदन तयार गरी कार्यटोलीले प्रमाणित गरी राख्नुपर्ने छ,

(च) प्रवेश प्रक्रिया सम्पन्न भएपछि परीक्षा समितिले तोकेको मापदण्डअनुसार योग्यताक्रम सहितको मुख्य सूची तथा उत्तीर्ण ( वैकल्पिक) सूची तयार गरी प्रकाशन गर्ने,

(छ) भर्नाको लागि तोकिएको समयावधी भित्र मुख्य उम्मेद्वारको रुपमा सिफारिश भएको आवेदक भर्ना हुन नगएमा उत्तीर्ण सूचीमा रहेका उम्मेद्वारहरुबाट योग्यताक्रमअनुसार अर्को सिफारिश गर्नुपर्नेछ ।

(ज) सम्वन्धित परिषद्, प्रदेश कार्यालयबाट भर्नाका लागि सिफारिश भएका उम्मेद्वारहरुलाई शिक्षालयले योग्यताक्रमका आधारमा सफल परीक्षार्थीहरूको भर्ना गर्नुपर्नेछ । परीक्षा नियन्त्रण कार्यालयले तोकेको प्रणाली अनुसार प्रशिक्षार्थी रजिस्ट्रेसन प्रविष्टि गर्ने लगायतका कार्यहरु परीक्षा नियन्त्रण कार्यालयको सूचना, मार्गदर्शन बमोजिम तोकिएको समयमा भर्ना सिफारिश गर्ने गराउने । नतिजा तथा भर्ना प्रक्रिया सम्वन्धी सम्पुर्ण अभिलेख र कागजातहरु सुरक्षित राख्नु पर्नेछ ।

(झ) सरोकारवालाहरुवाट प्रशिक्षार्थी भर्नाका लागि छनौट तथा सिफारिश सम्वन्धमा कुनै जानकारी, दावी, विरोध, उजुरी वा नेपाल सरकारका न्यायिक वा अर्द्धन्यायिक निकायहरुवाट सोधपुछ वा छानविनका लागि लेखी आएमा छानविन गरी अन्तिम टुङ्गो लगाई सम्वन्धित निकायमा जवाफ पठाउनु पर्नेछ ।

**८. भर्ना सिफारिश, नतिजा प्रकाशन तथा भर्ना सम्वन्धमा :**

(क) योग्यताक्रम तथा शिक्षण संस्था सहितको भर्ना सिफारिश तथा नतिजा प्रकाशन सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुले गर्नेछन । प्रकाशित नतिजा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको वेवसाइटमा र प.नि.का.को वेवसाइट www.ctevtexam.org.np मा नतिजाहरु राखिनेछन । नतिजा प्रकाशन भएको १० दिन भित्रमा परीक्षार्थीहरुले Online Application Acceptance Card, Website मा प्रकाशित नतिजा विवरण, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्र/जन्म दर्ता प्रमाणपत्रहरुका सक्कल प्रति लिई सिफारिश भएको शिक्षालयमा भर्ना हुन जानुपर्नेछ ।

(ख) सिट रिक्त भएको खण्डमा उत्तीर्ण सूचीमा रहेका उम्मेद्वारहरुबाट शिक्षालयमा मुख्य आवेदकको रुपमा सिफारिश हुनसक्ने भएकोले सम्वन्धित परिषद्, प्रदेश कार्यालयहरुको सूचनाहरु हेर्नु हुन र प्रदेश कार्यालयमा सम्पर्क गरी जानकारी लिनु हुन अनुरोध गरिन्छ ।

**९. अन्य जानकारीहरु :**

(क) मुख्य उम्मेद्वारले भर्ना हुंदाका बखत पाठ्यक्रमले तोके बमोजिम अध्ययन अवधिभर सैद्धान्तिक तथा प्रयोगात्मक कक्षामा उपस्थित हुने स्वघोषणा गरेको कबुलियतनामा पेश गर्नुपर्नेछ ।

(ख) छात्रवृत्तिको योग्यताक्रम सूचीमा रहेका विद्यार्थी पूर्ण शुल्किय कोटामा भर्ना भई रजिष्ट्रेशन कायम भए पश्चात छात्रवृत्ति कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन ।

**नोटः**

१. सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, परीक्षा सम्वन्धी विनियमावली, २०८३ तथा परिषद् प.नि.का.द्वारा जारी गरिएका मार्गदर्शन/सूचना बमोजिम हुनेछ । अनलाइन आवेदन फाराम भर्ने परीक्षार्थी, अभिभावक तथा कार्यक्रम सञ्चालन गर्ने शिक्षालयहरुले परीक्षा सम्वन्धी विनियमावली, २०८३/मार्गदर्शन www.ctevtexam.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन अनुरोध गरिन्छ ।

२. भर्ना गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पूर्ण सचेत रहन सम्वन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ ।

३. अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षालय वा परिषद्का प्रदेश कार्यालयमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**